सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, प्रदेश नं. ५, नेपाल

# स्थानीय राजपत्र

भाग १, वर्ष: १ अंक: १ १ कार्तिक २०७४, बुधवार

सुनवल नगर कार्यपालिकाको मिति २०७४/५/२६ को नगर सभाबाट स्वीकृत भएको सुनवल नगर कार्यपालिकाको आर्थिक ऐन, २०७४ सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## सुनवल नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७४

सम्वत २०७४ सालको ऐन नं. १

प्रमाणीकरण मिति:
२०७४।६।४

प्रस्तावना :

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क,दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम सुनवल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ भाद्र २७ गते देखी सुनवल नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२) एकीकृत सम्पति कर :

सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३) घर जग्गा बहाल कर :

सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम धर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

४) पेशा व्यवसाय कर :

सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उधोग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुलि गर्दा बैंक तथा बित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

५) जीवजन्तु कर :

सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिड., प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६) सवारी साधन कर :

सुनवल नगरपाकिा क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७) मनोरञ्ज कर :

सुनवल नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरञ्ज व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर

लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८) विज्ञापन कर :
सुनवल नगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९) बहाल बिटौरी शुल्क :
सुनवल नगरपालिका क्षेत्रभित्र नगरपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा बिशेष मेला पर्वमा अनुसूचि (८) मा भएको व्यवस्था बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

१०) सेवा शुल्क, दस्तुर :
सुनवल नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ।

११) दण्ड जरिवाना :
सुनवल नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई नियमानुसार जरिवाना गर्न सक्नेछ।

१२) कर छुट :
यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१३) कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :
यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन संग

नबाझिने गरी नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१४) यसै ऐन बमोजिम भएको मानिने :

यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१५) नियम वा कार्यविधि बनाउन सक्ने :

सुनवल नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१६) छुट भएका कर, दस्तुर र शुल्कः

यस ऐनमा छुट भएका कर, दस्तुर र शुल्कका सन्दर्भमा राजश्व परामर्श समितिको सिफारीसमा नगर कार्यपालिकाको निर्णय बमोजिम असुल गरिनेछ ।

१७) ऋण/सापटी लिन र दिन सक्नेः

नगरपालिकाको दिर्घकालिन विकासमा टेवा पुऱ्याउने, आयश्रोत वृद्धि गर्ने र नगरको समग्र विकासमा मार्ग प्रसस्त गर्ने आयोजना तथा कार्यक्रमका लागि नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम नगरपालिकाले ऋण/सापटी लिन र दिन सक्नेछ ।

१८) साविक बमोजिम हुने :

यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

१९) खारेजी :

साविकमा सुनवल नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

अनुसूची १

## एकिकृत सम्पत्ति करको दर

१. मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको जग्गाको मूल्याङ्कनका आधारमा जग्गाको मूल्याङ्कन कायम गर्ने ।

२. सुनवल नगरपालिका क्षेत्र भित्र सम्बन्धित व्यक्ति, संस्थाका नाउँमा रहेको सबै जग्गा र सो जग्गामा बनेको भौतिक संरचनाहरुको एकमुष्ठ सम्पत्ति मूल्याङ्कन गरी हुन आउने मूल्याका आधारमा एकिकृत सम्पत्तिकर निर्धारण गर्ने ।

३. एकिकृत सम्पत्तिकर बुझाउने कुनै करदाताले आफ्नो नाउँमा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाँकी रहने रकममा १५ प्रतिशतले हुने थप रकम जरिवाना सहित असुल गर्ने ।

### क) एकिकृत सम्पत्ति कर

| क्र स.. | मूल्याङ्कनको दर | कायम दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | २० | |
| २ | १ लाख १ देखि १ लाख ५० हजार सम्म | २५ | |
| ३ | १ लाख ५० हजार १ देखि २ लाख ५० हजार सम्म | ५० | |
| ४ | २ लाख ५० हजार १ देखि ३ लाख ५० हजार सम्म | ७५ | |
| ५ | ३ लाख ५० हजार १ देखि ४ लाख ५० हजार सम्म | १०० | |
| ६ | ४ लाख ५० हजार १ देखि ५ लाख ५० हजार सम्म | १२५ | |
| ७ | ५ लाख ५० हजार १ देखि ६ लाख ५० हजार सम्म | १५० | |
| ८ | ६ लाख ५० हजार १ देखि ७ लाख ५० हजार सम्म | १७५ | |

| | | | |
|---|---|---|---|
| ९ | ७ लाख ५० हजार १ देखि १० लाख सम्म | २०० | |
| १० | १० लाख १ देखि ११ लाख ५० हजार सम्म | २२५ | |
| ११ | ११ लाख ५० हजार १ देखि १२ लाख ५० हजार सम्म | २५० | |
| १२ | १२ लाख ५० हजार १ देखि १५ लाखसम्म | ३०० | |
| १३ | १५ लाख १ देखि १७ लाख ५० हजार सम्म | ३५० | |
| १४ | १७ लाख ५० हजार १ देखि १८ लाख ५० हजार सम्म | ३७५ | |
| १५ | १८ लाख ५० हजार १ देखि २० लाखसम्म | ४०० | |
| १६ | २० लाख १ देखि २१ लाख ५० हजार सम्म | ५०० | |
| १७ | २१ लाख ५० हजार १ देखि २३ लाखसम्म | ६०० | |
| १८ | २३ लाख १ देखि २४ लाख ५० हजारसम्म | ७०० | |
| १९ | २४ लाख ५० हजार १ देखि २६ लाखसम्म | ८०० | |
| २० | २६ लाख १ देखि २७ लाख ५० हजारसम्म | ९०० | |
| २१ | २७ लाख ५० हजार १ देखि ३० लाखसम्म | १००० | |
| २२ | ३० लाख १ देखि ३२ लाख ५० हजारसम्म | १२०० | |
| २३ | ३२ लाख ५० हजार १ देखि ३५ लाखसम्म | १२५० | |
| २४ | ३५ लाख १ देखि ३७ लाख ५० हजारसम्म | १३०० | |
| २५ | ३७ लाख ५० हजार १ देखि ४० लाखसम्म | १३५० | |
| २६ | ४० लाख १ देखि ४२ लाख ५० हजारसम्म | १४०० | |
| २७ | ४२ लाख ५० हजार १ देखि ४५ लाखसम्म | १४५० | |
| २८ | ४५ लाख १ देखि ४७ लाख ५० हजारसम्म | १५०० | |
| २९ | ४७ लाख ५० हजार १ देखि ५० लाखसम्म | १६०० | |
| ३० | ५० लाख १ देखि ५५ लाखसम्म | ३५०० | |
| ३१ | ५५ लाख १ देखि ६० लाखसम्म | ३६०० | |
| ३२ | ६० लाख १ देखि ६५ लाखसम्म | ३७०० | |
| ३३ | ६५ लाख १ देखि ७० लाखसम्म | ३८०० | |
| ३४ | ७० लाख १ देखि ७५ लाखसम्म | ३९०० | |

| | | | |
|---|---|---|---|
| ३५ | ७५ लाख १ देखि ८० लाखसम्म | ४००० | |
| ३६ | ८० लाख १ देखि ८५ लाखसम्म | ४१०० | |
| ३७ | ८५ लाख १ देखि ९० लाखसम्म | ४२०० | |
| ३८ | ९० लाख १ देखि ९५ लाखसम्म | ४३०० | |
| ३९ | ९५ लाख १ देखि १ करोड सम्म | ४५०० | |
| ४० | १ करोड १ देखि १ करोड १० लाखसम्म | १२००० | |
| ४१ | १ करोड १० लाख १ देखि १ करोड २० लाखसम्म | १२५०० | |
| ४२ | १ करोड २० लाख १ देखि १ करोड ३० लाखसम्म | १३००० | |
| ४३ | १ करोड ३० लाख १ देखि १ करोड ४० लाखसम्म | १३५०० | |
| ४४ | १ करोड ४० लाख १ देखि १ करोड ५० लाखसम्म | १४००० | |
| ४५ | १ करोड ५० लाख १ देखि १ करोड ७५ लाखसम्म | १४५०० | |
| ४६ | १ करोड ७५ लाख १ देखि २ करोडसम्म | १५००० | |
| ४७ | २ करोड १ देखि २ करोड ५० लाखसम्म | २५००० | |
| ४८ | २ करोड ५० लाख १ देखि ३ करोडसम्म | २६००० | |
| ४९ | ३ करोड १ देखि ३ करोड ५० लाखसम्म | २८००० | |
| ५० | ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | ३०००० | |
| ५१ | ४ करोड १ देखि ४ करोड ५० लाखसम्म | ३२००० | |
| ५२ | ४ करोड ५० लाख १ देखि ५ करोडसम्म | ३५००० | |
| ५३ | ४ करोड १ देखि माथिको मूल्याङ्कनमा | प्रति करोडमा रू. ३ हजार थप | |

**ख) एकिकृत सम्पत्ति करका लागि भौतिक संरचनाको वर्गिकरण तथा मूल्याङ्कन दररेट ।**

| क्र स.. | भौतिक संरचनाको वनावट | दर रु. प्रति वर्गफुट | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | ६३५ | |
| २ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो, आर.सि.सि. छाना | ५७५ | |
| ३ | माटोको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो, आर.सि.सि. छाना | ५२५ | |
| ४ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो | ४७५ | |
| ५ | माटोको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो | ४२५ | |
| ६ | काठको खम्बा जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो भएको घर | २०० | |
| ७ | काठको खम्बा फुस खरको छानो भएको घर | २०० | |

**ग) एकिकृत सम्पत्ति करका लागि भौतिक संरचनाको ह्रास कट्टी दररेट**

**ह्रास कट्टी दर**

| क्र. स. | अवधि | भौतिक संरचनाको वर्गिकरणको क्र.स. १ का लागि प्रतिशत | भौतिक संरचनाको वर्गिकरणको क्र.स. २,३,४ का लागि प्रतिशत | भौतिक संरचनाको वर्गिकरणको क्र.स. ५,६,७ का लागि प्रतिशत |
|---|---|---|---|---|
| १ | १ देखि ५ वर्षसम्म | १० | १० | १५ |
| २ | ६ देखि १० वर्षसम्म | १३ | २० | २० |
| ३ | ११ देखि १५ वर्षसम्म | १६ | २५ | ३५ |
| ४ | १६ देखि २० वर्षसम्म | १९ | ३० | ४० |

| | | | | |
|---|---|---|---|---|
| ५ | २१ देखि २५ वर्षसम्म | २२ | ३५ | ४० |
| ६ | २६ देखि ३० वर्षसम्म | २५ | ४० | ४० |
| ७ | ३१ देखि ३५ वर्षसम्म | २८ | ४० | ४० |
| ८ | ३६ देखि ४० वर्षसम्म | ३१ | ४० | ४० |
| ९ | ४१ देखि ४५ वर्षसम्म | ३४ | ४० | ४० |
| १० | ४६ देखि ५० वर्षसम्म | ३७ | ४० | ४० |
| ११ | ५१ देखि ५५ वर्षसम्म | ४० | ४० | ४० |
| १२ | ५५ वर्ष भन्दा माथि | ४० | ४० | ४० |

अनुसूची २

**घर जग्गा बहाल कर**

१. घर जग्गा बहालमा दिने भाडाधनिबाट बहालमा दिएको रकमको २ प्रतिशतले हुन आउने रकमबाट घर जग्गा बहाल कर असुल गर्ने ।

२. कार्यालयले घर जग्गा बहालमा लिए/दिएको रेट सहित अभिलेख तयार गर्ने ।

अनुसूची ३

**पेसा व्यवसाय कर**

**मदिरा पसल**

| क स. | शिर्षक | साविकको दर | कायम दर | कैफियत |
|---|---|---|---|---|
| १ | डिष्टिब्यूटर्स | | ५,०००।०० | |
| २ | थोक पसल | | ३,५००।०० | |
| ३ | खुद्रा पसल | | १,०००।०० | |

**मिष्ठान भण्डार पसल**

| | | | | |
|---|---|---|---|---|
| ४ | मिष्ठान भण्डार - क | २,०००।०० | २,०००।०० | |
| ५ | मिष्ठान भण्डार - ख | १,०००।०० | १,०००।०० | |

**सुनचाँदी**

| | | | | |
|---|---|---|---|---|
| ६ | सोरूम बनाई बिक्री वितरण गर्ने | २,०००।०० | ३,०००।०० | |
| ७ | ग्रामिण क्षेत्रका सामान्य सुनचादी पसल | १,०००।०० | १,०००।०० | |
| ८ | सुनचादी खार्ने पसल | १,०००।०० | १,०००।०० | |

**होटल**

| | | | | |
|---|---|---|---|---|
| ९ | रिसार्ट श्रेणी क | ५,०००।०० | ५,०००।०० | |
| १० | रिसार्ट श्रेणी ख | ३,०००।०० | ३,०००।०० | |
| ११ | होटेल, बार, लज | १,५००।०० | १,५००।०० | |

**वित्तिय संस्था**

| | | | | |
|---|---|---|---|---|
| १२ | क बर्ग शाखा | २५,०००।०० | २५,०००।०० | |
| १३ | अन्य शाखा | २०,०००।०० | २०,०००।०० | |
| १४ | बिकास बैक | १५,०००।०० | १५,०००।०० | |
| १५ | साना लघु बित्तिय | ५,०००।०० | ५,०००।०० | |
| १६ | बिमा कम्पनी | १०,०००।०० | १०,०००।०० | |
| १७ | सटही काउन्टर | ३,०००।०० | ३,०००।०० | |
| १८ | सहकारी बैक | ३,०००।०० | ३,०००।०० | |
| १९ | मनि ट्रान्सफर | २,०००।०० | २,०००।०० | |

**मासु पसल**

| | | | | |
|---|---|---|---|---|
| २० | खसी रागा | २,०००।०० | २,०००।०० | |
| २१ | शहरी क्षेत्रमा फ्रिजि गरी व्यवस्थित रूपले स) चालित फ्रेस हाउस | २,५००।०० | २,५००।०० | |
| २२ | शहरी क्षेत्रमा व्यवस्थित रूपले स)चालित फ्रेस हाउस | १,५००।०० | १,५००।०० | |
| २३ | साधारण फ्रेस हाउस | ५००।०० | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २४ | अन्य मासु पसल | १,०००।०० | १,०००।०० | |

**स्वास्थ्य सेवा**

| | | | | |
|---|---|---|---|---|
| २५ | गैर सरकारी अस्पताल | ५,०००।०० | ५,०००।०० | |
| २६ | डाक्टर सेवा क्लिनिक | १,५००।०० | १,५००।०० | |
| २७ | ल्याब सेवा | १,०००।०० | १,०००।०० | |

**शिक्ष सेवा व्यवसाय निजी स्तर**

| | | | | |
|---|---|---|---|---|
| २८ | प्रा.वि. स्तर | १,०००।०० | १,५००।०० | |
| २९ | नि.मा.वि. स्तर | १,५००।०० | २,०००।०० | |
| ३० | मा.वि. | २,०००।०० | २,०००।०० | |
| ३१ | सो भन्दा माथि | २,५००।०० | ५,०००।०० | |
| ३२ | प्राविधीक शिक्षा | २,०००।०० | २,०००।०० | |

**कानुनी सेवा**

| | | | | |
|---|---|---|---|---|
| ३३ | बरिष्ठ अधिबक्ता | ३,०००।०० | ३,०००।०० | |
| ३४ | अधिबक्ता | १,५००।०० | १,५००।०० | |
| ३५ | कानुनी परामर्श सेवा | १,५००।०० | १,५००।०० | |
| ३६ | लेखापढी व्यवसायी | १,०००।०० | १,०००।०० | |
| ३७ | लेखा परिक्षक क बर्ग | ३,०००।०० | ५,०००।०० | |
| ३८ | लेखा परिक्षक ख बर्ग | १,५००।०० | ३,०००।०० | |
| ३९ | लेखा परिक्षक ग र घ | १,०००।०० | १,०००।०० | |

**निर्माण व्यवसायी र फर्म**

| | | | | |
|---|---|---|---|---|
| ४० | क बर्ग | २०,०००।०० | २०,०००।०० | |
| ४१ | ख बर्ग | १५,०००।०० | १५,०००।०० | |
| ४२ | ग बर्ग | १०,०००।०० | १०,०००।०० | |
| ४३ | घ बर्ग | ५,०००।०० | २,५००।०० | |
| ४४ | शाखा कार्यालय निर्माण व्यवसायी | वर्ग अनुसार आधा लाग्ने | वर्ग अनुसार आधा लाग्ने | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | न.पा. देखि बाहिरका फर्म आदीले न.पा.को कुनै पनि काम लिनु पर्ने भएमा सो फर्मका लागि थप लाग्ने छ | | ५,०००।०० | |
| ४६ | सेटरी व्यवसाय | २,०००।०० | २,०००।०० | |
| ४७ | सूचीकृत दस्तुर | | १,०००।०० | |

**उद्योग व्यवसाय तर्फ**

| | | | | |
|---|---|---|---|---|
| ४८ | खाद्य उद्योग (अधिकृत पूँजी २० लाखदेखि माथि) | १०,०००।०० | १०,०००।०० | |
| ४९ | खाद्य उद्योग (अधिकृत पूँजी २० लाख भन्दा कम) | ३,०००।०० | ३,०००।०० | |
| ५० | चाउमिन उद्योग | १,५००।०० | १,५००।०० | |
| ५१ | पाउरोटी उद्योग | १,५००।०० | १,५००।०० | |
| ५२ | आइस क्रिम उद्योग | १,५००।०० | १,५००।०० | |
| ५३ | मसला पिस्ने उद्योग | १,०००।०० | १,०००।०० | |
| ५४ | कृषि सम्बन्धी फर्मरव्यवसाय | १,०००।०० | १,०००।०० | |
| ५५ | अन्य उद्योग यसै प्रकार | १,५००।०० | १,५००।०० | |

**सब्जी पसल**

| | | | | |
|---|---|---|---|---|
| ५६ | सब्जी पसल थोक | ५००।०० | ५००।०० | |
| ५७ | सब्जी पसल खुद्रा | ४००।०० | ४००।०० | |

**फलफुल पसल**

| | | | | |
|---|---|---|---|---|
| ५८ | फलफुल थोक | ६००।०० | ६००।०० | |
| ५९ | फलफुल खुद्रा | ४००।०० | ४००।०० | |

**किराना पसल**

| | | | | |
|---|---|---|---|---|
| ६० | डिलर भएको किराना पसल | २,०००।०० | २,०००।०० | |
| ६१ | थोक किराना पसल | १,५००।०० | १,५००।०० | |
| ६२ | खुद्रा किराना पसल | ५००।०० | ५००।०० | |

**ब्यूटी पार्लर र हेयर कटीङ्ग सैलुन**

| | | | | |
|---|---|---|---|---|
| ६३ | हेयर कटीङ्ग सैलुन | ६००।०० | ६००।०० | |
| ६४ | ब्युटी पार्लर | ६००।०० | ६००।०० | |
| ६५ | श्रृगार पसल, ब्यूटी पार्लर तालिम केन्द्र समेत | २,०००।०० | २,०००।०० | |
| ६६ | श्रृगार पसल, ब्यूटी पार्लर | १,०००।०० | १,०००।०० | |
| ६७ | खुद्रा श्रृगार | ५००।०० | ५००।०० | |

**जुत्ता पसल**

| | | | | |
|---|---|---|---|---|
| ६८ | जुत्ता बनाई बिक्री गर्ने पसल | १,०००।०० | १,०००।०० | |
| ६९ | एक मिसिन भएको जुत्ता पसल | ५००।०० | ५००।०० | |
| ७० | साधारण जुत्ता पसल | ५००।०० | ५००।०० | |
| ७१ | प्लाष्टिक जुत्ता चप्पल थोक | १,०००।०० | १,०००।०० | |
| ७२ | प्लाष्टिक जुत्ता चप्पल खुद्रा | ६००।०० | ६००।०० | |

**भाडा पसल**

| | | | | |
|---|---|---|---|---|
| ७३ | थोक | १,०००।०० | १,०००।०० | |
| ७४ | खुद्रा | ६००।०० | ६००।०० | |

**फेन्सी र कपडा पसल**

| | | | | |
|---|---|---|---|---|
| ७५ | फेन्सी पसल | १,५००।०० | १,५००।०० | |
| ७६ | फेन्सी पसल साधारण | ७००।०० | ७००।०० | |
| ७७ | कपडा पसल थोक | ३,०००।०० | ३,०००।०० | |
| ७८ | कपडा पसल खुद्रा | १,५००।०० | १,५००।०० | |

**समिल र फर्निच र उद्योग**

| | | | | |
|---|---|---|---|---|
| ७९ | समिल | १०,०००।०० | १०,०००।०० | |
| ८० | फर्निचर उद्योगस्सो रूम | ५,०००।०० | ५,०००।०० | |
| ८१ | साधारण फर्निचर पसल, प्लाईउड, शिसा पसल | १,०००।०० | १,०००।०० | |
| ८२ | बेतबाँस फर्निचर पसल | ५००।०० | ५००।०० | |

**हार्डवयर र छड सिमेन्ट र फलाम औजार पसल**

| | | | | |
|---|---|---|---|---|
| ८३ | छड, सिमेन्ट पसल पेन्ट डिलर समेत भएको | १०,०००।०० | १०,०००।०० | |
| ८४ | छड, सिमेन्ट पसल | ५,०००।०० | ५,०००।०० | |
| ८५ | पेन्ट पसल | २,०००।०० | ५,०००।०० | |
| ८६ | फलाम र सो सम्बन्धी साधारण पसल | १,५००।०० | १,५००।०० | |

**इलेक्ट्रीक पसल**

| | | | | |
|---|---|---|---|---|
| ८७ | टि.भि., फ्रिज समेत भएको इलेक्ट्रोनिक पसल | ५,०००।०० | ५,०००।०० | |
| ८८ | इलेक्ट्रीक पसल | २,०००।०० | २,०००।०० | |
| ८९ | विजुली पसल मर्मत केन्द्र भएको | ८००।०० | ८००।०० | |
| ९० | रेडियो, घडी, टि.भी. र अन्य मर्मत तथा बिक्री | १,०००।०० | १,०००।०० | |
| ९१ | रेडियो, घडी, टि.भी. र अन्य मर्मत पसल | ५००।०० | ५००।०० | |

**कृषि सामाग्री पसल**

| | | | | |
|---|---|---|---|---|
| ९२ | कृषि सामाग्री बिक्री पसल डिलर समेतको | २,०००।०० | २,०००।०० | |
| ९३ | खुद्रा कृषि समाग्री भएको पसल | १,०००।०० | १,०००।०० | |

**पुस्तक र स्टेशनरी पसल**

| | | | | |
|---|---|---|---|---|
| ९४ | पुस्तक तथा स्टेशनरी पसल | १,५००।०० | १,५००।०० | |
| ९५ | छापाखाना प्रेस | ३,०००।०० | ३,०००।०० | |
| ९६ | फोटोकपी पसल | ६००।०० | ६००।०० | |
| ९७ | फोटोकपी समेतको पुस्तक पसल | १,०००।०० | १,०००।०० | |

**प्लाष्टिक पसल**

| | | | | |
|---|---|---|---|---|
| ९८ | प्लाष्टिक पसल थोक | २,०००।०० | २,०००।०० | |
| ९९ | खुद्रा प्लाष्टिक पसल | १,०००।०० | १,०००।०० | |

**औषधी पसल**

| | | | | |
|---|---|---|---|---|
| १०० | औषधी पसल थोक | ३,०००।०० | ३,०००।०० | |
| १०१ | खुद्रा औषधि पसल | २,०००।०० | २,०००।०० | |

**गल्ला पसल**

| | | | | |
|---|---|---|---|---|
| १०२ | गल्ला पसल १० लाख पुजी भन्दा माथी | ४,०००।०० | ४,०००।०० | |
| १०३ | गल्ला पसल १० लाख भन्दा कमको लगानी | १,०००।०० | १,०००।०० | |

**फोटो स्टुडीयो**

| | | | | |
|---|---|---|---|---|
| १०४ | फोटो स्टुडीयो भिडियो ग्राफि सहित | २,०००।०० | २,०००।०० | |
| १०५ | फोटो स्टुडीयो | १,०००।०० | १,०००।०० | |
| १०६ | कलर ल्याव | ४,०००।०० | ४,०००।०० | |

**कम्प्यटर पसल**

| | | | | |
|---|---|---|---|---|
| १०७ | कम्प्युटर तालिम केन्द्र, भाषा शिक्षण केन्द्र र ड्राईभिङ्ग सेन्टर | १,५००।०० | १,५००।०० | |
| १०८ | कम्प्युटररकम्प्युटर मर्मत केन्द्र | १,०००।०० | १,०००।०० | |

**एफ.एम.र रेडीयो**

| | | | | |
|---|---|---|---|---|
| १०९ | एफ. एम रेडीयो प्रसारण | २,०००।०० | २,०००।०० | |
| ११० | सामुदायीक रेडीयो प्रसारण | १,५००।०० | १,५००।०० | |

**वर्कसप र सवारी मर्मत पसल**

| | | | | |
|---|---|---|---|---|
| १११ | मोटर साईकल वर्कसप | १,५००।०० | १,५००।०० | |
| ११२ | रिक्सा, साइकल बिक्री पसल | २,०००।०० | २,०००।०० | |
| ११३ | रिक्सा, साइकल मर्मत पसल | ५००।०० | ५००।०० | |
| ११४ | सवारी साधन बडी बनाउने कारखाना | ५,०००।०० | ५,०००।०० | |
| ११५ | सवारी साधन मर्मत पसल | २,०००।०० | २,०००।०० | |
| ११६ | अन्य सवारी साधन मर्मत | १,५००।०० | १,५००।०० | |
| ११७ | टायर पसल थोक | ५,०००।०० | ५,०००।०० | |
| ११८ | ट्युब मर्मत तथा हावा भर्ने पसल | १,०००।०० | १,०००।०० | |
| ११९ | लेथ, सवारीको ब्याट्री, सवारी इलेक्ट्रीक पसल, लुब्रिकेन्ट तथा सवारी साधनका पाटपुर्जा भएका पसल | १,५००।०० | १,५००।०० | |

**ढुवानी सेवा**

| | | | | |
|---|---|---|---|---|
| १२० | ढुवानी सेवा | ५,०००।०० | ५,०००।०० | |
| १२१ | ढुवानी सेवा ( साधारण | २,०००।०० | २,०००।०० | |
| १२२ | यातायात सेवा समिति | ३,०००।०० | ३,०००।०० | |

**परामर्श सेवा**

| | | | | |
|---|---|---|---|---|
| १२३ | परामर्श सेवा इन्जिनियरिङ्ग कम्पनी | ५,०००।०० | ५,०००।०० | |
| १२४ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म | २,०००।०० | २,०००।०० | |

**सवारी साधन सो रुम**

| | | | | |
|---|---|---|---|---|
| १२५ | चारपाग्रे | ३,०००।०० | १०,०००।०० | |
| १२६ | दुई पाग्रे | | ५,०००।०० | |

**उद्योग**

| | | | | |
|---|---|---|---|---|
| १२७ | ठूला उद्योग (अधिकृत पूँजी ५ करोड भन्दा माथि भएका) | ५०,०००।०० | ५०,०००।०० | |
| १२८ | मझौला उद्योग (अधिकृत पूँजी ५० लाखदेखि ५ करोड सम्म भएकाण | १०,०००।०० | १०,०००।०० | |
| १२९ | साना उद्योग (अधिकृत पूँजी ५० लाख भन्दा कम भएकाण | ३,०००।०० | ३,०००।०० | |
| १३० | लघु उद्यमरहस्तकला उद्योग | ५००।०० | ५००।०० | |

**अन्य व्यवसाय कर**

| | | | | |
|---|---|---|---|---|
| १३१ | पान पसल | ३००।०० | ३००।०० | |
| १३२ | सँचार सेवा व्यवसाय | १,५००।०० | १,५००।०० | |
| १३३ | कवाडी समाग्री सँकलन पसल | २,५००।०० | २,५००।०० | |
| १३४ | ग्रिल उद्योग | ३,०००।०० | ३,०००।०० | |
| १३५ | पुल स्नुकर | २,०००।०० | २,०००।०० | |
| १३६ | जिम हाउस | १,०००।०० | १,०००।०० | |
| १३७ | पेट्रोल पम्प | ५,०००।०० | ५,०००।०० | |
| १३८ | टिनको बाकस र समाग्री बनाउने कम्पनी | २,०००।०० | २,०००।०० | |
| १३९ | चश्मा पसल | १,०००।०० | १,०००।०० | |
| १४० | टाक धागो पसल | ३००।०० | ३००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १४१ | बुटीक पसल | १,०००।०० | १,०००।०० | |
| १४२ | डेन्टल सर्भिस | १,५००।०० | १,५००।०० | |
| १४३ | सफ्ट ड्रिक्स पसल थोक | ५,०००।०० | ५,०००।०० | |
| १४४ | कोल्ड ड्रिक्स पसल खुद्रा | १,०००।०० | १,०००।०० | |
| १४५ | पेन्टीङ्ग पसल ऋआर्ट पसलङ्ग | १,०००।०० | १,०००।०० | |
| १४६ | टेन्ट हाउस | २,०००।०० | २,०००।०० | |
| १४७ | ट्रावल एजेन्सी | ५,०००।०० | ५,०००।०० | |
| १४८ | ग्यास पसल | १,०००।०० | १,०००।०० | |
| १४९ | मम, सुकुटी पसल | २,०००।०० | २,०००।०० | |
| १५० | सिरक डसना पसल | ७००।०० | ७००।०० | |
| १५१ | मोबाइल पसल मर्मत समेत | २,५००।०० | २,५००।०० | |
| १५२ | डिस्टीलरी उद्योग | २०,०००।०० | २०,०००।०० | |
| १५३ | डेरी उद्योग | ५,०००।०० | २,०००।०० | |
| १५४ | कुखुरा माछा फर्म | १,०००।०० | १,०००।०० | |
| १५५ | नर्सरी फर्म | १,०००।०० | १,०००।०० | |
| १५६ | धातुका मर्ति बनाउने | १,०००।०० | १,०००।०० | |
| १५७ | स्टिल फर्निचर उद्योग | ५,०००।०० | ५,०००।०० | |
| १५८ | इटा उद्योग | ५,०००।०० | १०,०००।०० | |
| १५९ | टायल, ब्लक, रिङ लगायतका सेनेटरी उद्योग | २,०००।०० | २,०००।०० | |
| १६० | दुध खरीद बिक्री केन्द्र | १,०००।०० | ५००।०० | |
| १६१ | विमा एजेन्ट | १,०००।०० | १,०००।०० | |
| १६२ | वैदेशिक रोजगार सेवा | ५,०००।०० | ५,०००।०० | |
| १६३ | रियल स्टेट कम्पनी | ५,०००।०० | १०,०००।०० | |
| १६४ | प्लटीङ्ग | | ५,०००।०० | |
| १६५ | खेलौना पसल | १,०००।०० | १,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | एग्रोभेट पसल | १,५००।०० | १,०००।०० | |
| १६७ | जडीबुटी प्रसोधनरबेल जाम जुस | १,०००।०० | ५००।०० | |
| १६८ | माटोका भाडा बनाउने पसल | ७००।०० | ५००।०० | |
| १६९ | पिउने पानी उद्योग | २,०००।०० | २,०००।०० | |
| १७० | सोलार प्यानल, व्याट्री आदी सामानको विक्रेता तथा मर्मत पसल | २,०००।०० | २,०००।०० | |

माथि उल्लेखित पेशा, व्यवसाय र उद्योगहरूको कारोवार र स्तर हेरी वार्षिक रू. २०० देखि ५००० सम्म व्यवसाय कर लाग्ने छ । साथै दण्ड जरीवानको हकमा चालु आ.व.को असार मसान्त भित्र व्यवसाय कर नबुझाएमा त्यस पछिको पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष २० प्रतिशत र त्यस पछि शत प्रतिशत जरीवाना लाग्ने छ ।

अनुसूची ४

**जीवजन्तु कर**

**जीवजन्तु कर**

| | | | | |
|---|---|---|---|---|
| १ | प्रति भैसी, राँगा | | ५०।०० | |
| २ | प्रति भे)डा, बाख्रा | | २०।०० | |

अनुसूची ५

**सवारी साधन कर**

**सवारी साधन कर**

| | | | | |
|---|---|---|---|---|
| १ | ट्रक, लहरी तथा अन्य हेभी सवारी | | ३,०००।०० | |
| २ | बस, मिनीबस, मिनी ट्रक र ट्रयाक्टर | | १,५००।०० | |
| ३ | १५ सिट भन्दा कम क्षमता भएका भाडाका जीप, कार, भ्यान, मेटाडोर, टेम्पो | | १,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | जीप, कार, मिनीबस (रातो नम्बर प्लेट) | | ५००।०० | |
| ५ | मोटरसाईकल, स्कुटर | | १००।०० | |
| ६ | रिक्सा, ठेला गाडा | | २५।०० | |
| ७ | ई रिक्सा | | ५००।०० | |
| ८ | अन्य सवारी साधनहरू | | २००।०० | |

अनुसूची ६

## मनोरञ्जन कर

**मनोरञ्जन कर**

| | | | | |
|---|---|---|---|---|
| १ | सिनेमा हल, भिडीयो हल, सा)स्कृतिक प्रदर्शन हल, थ्रियटर | टिकटको ५ प्रतिशत | टिकटको ५ प्रतिशत | |
| २ | जादु, सर्कस, चटक | ५०० प्रति दिन | ५०० प्रति दिन | |
| ३ | जादु, सर्कस, चटक दर्ता शुल्क | १,०००।०० | १,०००।०० | |
| ४ | केवुल नेटवर्क | १,०००।०० | ५,०००।०० | |

अनुसूची ७

## विज्ञापन कर

**विज्ञापन कर**

| | | | | |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठूला विद्युतिय बोर्डहरू (प्रति वर्गफिट वार्षिक) | | ७५।०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| २ | ग्लो साईन बोर्ड, डी.पी.एस. बोर्ड आदी (प्रति वर्गफिट वार्षिक) | | ५०।०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| ३ | भित्ते लेखन (प्रति वर्गफिट वार्षिक) | | १०।०० | संस्थान तथा सार्वजनिकका लागि छुट |
| ४ | तुल, ब्यानर (प्रति वर्गफिट वार्षिक) | | १०।०० | संस्थान तथा सार्वजनिकका लागि छुट |

नोटः

१. कुनैपनि प्रकारको गर्दा नगरपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

२. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सुर्तिजन्य पदार्थ) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईनेछैन ।

३. नेपाल सरकारका तर्फबाट हुने जनचेतनामूलक सूचना तथा प्रचार प्रसार समाग्रीहरुमा विज्ञापन कर लिईनेछैन ।

४. व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछैन ।

५. स्वीकृती नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउने र स्वीकृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिनेछ ।

६. विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वीकृत समयावधी समाप्त भएपछि विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वयम तुरुन्त हटाउनु पर्नेछ ।

अनुसूची ८

**बहाल बिटौरी कर**

**साप्ताहिक हाट बजार कर (बैठकी)**

| क्र स. | शिर्षक | साविकको दर | प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| १ | बिसाता पसल | ४०।०० | ४०।०० | |
| २ | फलफुल एव) कृषि उत्पादन | | | |
| | क. टायर गाडा | १५०।०० | १५०।०० | |
| | ख. जीप | २५०।०० | २५०।०० | |
| | ग. ट्रक | ६५०।०० | ६५०।०० | |
| | घ. साईकल | ३५।०० | ३५।०० | |
| | ङ. डोको | २५।०० | २५।०० | |
| ३ | किराना पसल | ३५।०० | ३५।०० | |
| ४ | हरियो साग सब्जी फुटकर | २५।०० | २५।०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | थान कपडा पसल | ४०।०० | ४०।०० | |
| ६ | तयारी पोशाक पसल | ४०।०० | ४०।०० | |
| ७ | चुरा पसल | ४०।०० | ४०।०० | |
| ८ | जुत्ता पसल | ४०।०० | ४०।०० | |
| ९ | डोको प्रति भारी | २५।०० | २५।०० | |
| १० | मासु पसल ब)गुर | १००।०० | १००।०० | |
| ११ | आलो माछा प्रति टोकरी | ७०।०० | ७०।०० | |
| १२ | फलफुल फुटकर पसल | ३५।०० | ३५।०० | |
| १३ | प्लाष्टिक भाडा पसल | ३५।०० | ३५।०० | |
| १४ | सुकेको माछा पसल | ४०।०० | ४०।०० | |
| १५ | सानो काटा | ६०।०० | ६०।०० | |
| १६ | रक्सी चिखना | ६०।०० | ६०।०० | |
| १७ | खाने तोरी तेल पसल | ३५।०० | ३५।०० | |
| १८ | मिठाई पसल | ५०।०० | ५०।०० | |
| १९ | सुर्ती पसल | ३०।०० | ३०।०० | |
| २० | जुत्ता सिलाउने पसल | ३०।०० | ३०।०० | |
| २१ | कपाल काटने नाई पसल | ४०।०० | ४०।०० | |
| २२ | बदाम पसल फुटकर | २५।०० | २५।०० | |
| २३ | बिउ बिजन पसल | ३५।०० | ३५।०० | |
| २४ | कुखुरा मासु काटी बेच्ने पसल | १००।०० | १००।०० | |
| २५ | फलाम औजार पसल | ३५।०० | ३५।०० | |
| २६ | कुखुरा प्रति गोटा | १०।०० | १०।०० | |
| २७ | परेवा प्रति जोडी | १०।०० | १०।०० | |
| २८ | धातु भाडा पसल | ४०।०० | ४०।०० | |
| २९ | रागा मासु काटी बेच्ने पसल प्रतिगोटा | २००।०० | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | प्रचार एव) बिज्ञापन सामाग्री पसल | १०० देखी २०० | १०० देखी २०० | |
| ३१ | आलु प्याज पसल | ४०।०० | ४०।०० | |
| ३२ | धातु गहना पसल | २५।०० | २५।०० | |
| ३३ | खसी प्रति गोटा | ७५।०० | ७५।०० | |
| ३४ | इलेक्ट्रीक पसल | ४०।०० | ४०।०० | |
| ३५ | चाउमिन ठेला कुर्ची राखी बेच्ने पसल | १००।०० | १००।०० | |
| ३६ | चाउमिन विना कुर्ची बेच्ने पसल | ५०।०० | ५०।०० | |
| ३७ | चाट ठेला | ४०।०० | ४०।०० | |
| ३८ | कुचो प्रति गोटा | १।०० | १।०० | |
| ३९ | कुचो पसल | ४०।०० | ४०।०० | |
| ४० | बिभिन्न सामाग्री मर्मत गने पसल | ४०।०० | ४०।०० | |
| ४१ | अन्य समान माल हेरी सिजन अनुसारको | १० देखी २०० | १० देखी २०० | |

हाट बजार पसल कर १२ फिट मोहडाका लागि उपरोक्त उल्लेखित दर कायम गरीने छ : सो भन्दा माथि प्रति फिट रू. १० थप लिईने छ ।

**पटके सवारी साधन एवं पर्यावरण तथा सडक मर्मत संभार शूल्क**

| क्र.स. | विवरण | पर्याविरण र सडक ममैत संभार शुल्क | पटके सवारी साधन कर | जम्मा |
|---|---|---|---|---|
| १ | ट्रेक्टर हाइड्रोलिक नभएको | १०।०० | १०।०० | २०।०० |
| २ | ट्रेक्टर हाइड्रोलिक | ४०।०० | १०।०० | ५०।०० |
| ३ | ट्रकरटिप्पर (नेपाली नम्बर प्लेट) | १००।०० | २०।०० | १२०।०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ट्रक टिप्पर (भारतीय नम्बर प्लेट) | २००।०० | २०।०० | २२०।०० |
| ५ | जीप/कार | | १०।०० | १०।०० |
| ६ | बस | | २०।०० | २०।०० |

अनुसूची ९

**सेवा शुल्क, दस्तुर**

**सेवा शुल्क, दस्तुर**

**व्यवसाय दर्ता तथा नविकरण दस्तुर**

| | | | |
|---|---|---|---|
| १ | १ लाख सम्म | २००।०० | २००।०० |
| २ | रू १ लाख देखि ३ लाख सम्म | २५०।०० | २५०।०० |
| ३ | रू ३ लाख देखि १० लाख सम्म | ३००।०० | ३००।०० |
| ४ | रू १० लाख देखि २५ लाख सम्म | १,०००।०० | १,०००।०० |
| ५ | रू २५ लाख देखि माथि | २,५००।०० | २,५००।०० |

व्यवसाय नविकरण समयमै नगरेमा पहिलो वर्ष २५, दोश्रो ३०, तेश्रो ४० सो भन्दा माथि ५० प्रतिशत नविकरण दस्तुरमा जरीवाना लिईने छ ।

**चौकिल्ला प्रमाणित दस्तुर**

| | | | |
|---|---|---|---|
| ६ | चौकिल्ला प्रमाणित दस्तुर ५ कठ्ठा सम्मको | २००।०० | २००।०० |
| ७ | चौकिल्ला प्रमाणित दस्तुर ५ कठ्ठा देखि १० कठ्ठा सम्मको | ३००।०० | ३००।०० |
| ८ | चौकिलला प्रमाणित दस्तुर १० देखि १५ कठ्ठा सम्मको | ४००।०० | ४००।०० |
| ९ | चौकिलला प्रमाणित दस्तुर १५ कठ्ठा देखि १ बिगाहा सम्मको | ५००।०० | ५००।०० |
| १० | चौकिल्ला प्रमाणित दस्तुर सो भन्दा माथि | १,०००।०० | १,०००।०० |

प्रति कित्ताको

**विद्युतलाईन जडान सिफारीस**

| | | | | |
|---|---|---|---|---|
| ११ | घरेलु बिद्युत लाईन जडान सिफारिस | २००।०० | २००।०० | |
| १२ | साना उद्योगमा बिद्युत जडान सिफारिस प्रति अश्वशक्ति | ५०।०० | १००।०० | |
| १३ | ठुलो उद्योगमा बिद्युत लाईन जडान सिफारिस | १५,०००।०० | १५,०००।०० | |
| १४ | मझौला उद्योग बिद्युत लाईन जडान सिफारिस | ५,०००।०० | ५,०००।०० | |

**पेन्सन सिफारीस**

| | | | | |
|---|---|---|---|---|
| १५ | ब्रिटिस/तेश्रो मुलुक | ५००।०० | ५००।०० | |
| १६ | भारतीय | ३५०।०० | ३५०।०० | |
| १७ | नेपाली पेन्सनर | २००।०० | २००।०० | |

**प्रमाणित दस्तुर**

| | | | | |
|---|---|---|---|---|
| १८ | अविवाहित/विवाहित प्रमाणित | २००।०० | २००।०० | |
| १९ | बसोबास प्रमाणित | २००।०० | २००।०० | |
| २० | आयश्रोत प्रमाणित | प्रति हजारको १ रूपैया | प्रति हजारको १ रूपैया | विद्यार्थीको हकमा २५ प्रतिशत छुट |
| २१ | आदीबासी जनजाती प्रमाणित | २००।०० | २००।०० | |
| २२ | चालचलन प्रमाणित | २००।०० | २००।०० | |
| २३ | जन्म प्रमाणित | २००।०० | २००।०० | |
| २४ | अन्य प्रमाणित | २००।०० | २००।०० | |
| २५ | नाता कायम /नाता प्रमाणित | १५०।०० | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | नाता कायम ञाता प्रमाणित अंग्रेजी | ५००।०० | ५००।०० | |
| २७ | अनुभव प्रमाणित दस्तुर | ५००।०० | ५००।०० | |
| २८ | नाम थर, जन्म मिति प्रमाणित | २००।०० | २००।०० | |
| २९ | सिफारीस प्रमाणित दस्तुर | ५००।०० | ५००।०० | |
| ३० | फोटो प्रमाणित प्रति फोटो | १००।०० | १००।०० | |

**घर बाटो प्रमाणित दस्तुर**

| | | |
|---|---|---|
| ३१ | मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको मूल्याङ्कनका आधारमा हुन आउने जग्गाको मूल्याङ्कनको ०.१५ प्रतिशत, प्लटीङ्गको भएमा ०.३ प्रतिशत दस्तुर लाग्ने र न्यूनतम १,००० | |
| ३२ | जग्गा प्लटीङ्गका हकमा प्लटीङ्ग गर्ने जग्गाको कट्टाको ५ हजारका दरले जग्गा प्लटीङ्ग सेवा शुल्क लाग्ने छ। | |

**अन्य सिफारीस दस्तुर**

| | | | | |
|---|---|---|---|---|
| ३३ | निजी स्तरको बिद्यालय स्थापना सिफारिस दस्तुर | २,०००।०० | २,०००।०० | |
| ३४ | कक्षा स्तरोन्नति सिफारिस दस्तुर | २,०००।०० | २,०००।०० | |
| ३५ | सर्जमिन दस्तुर | ५००।०० | ५००।०० | |
| ३६ | घरभाडा रोहवररसर्जमिन | | ५००।०० | |
| ३७ | जग्गा छुट्टाउने दस्तुर | ५००।०० | ५००।०० | |
| ३८ | घर बाटो प्रमाणित फिल्ड निरीक्षण दस्तुर | ५००।०० | ५००।०० | |
| ३९ | जग्गा रोक्का सिफारीस | १००।०० | १००।०० | |
| ४० | भारत बैकमा खाता खोल्ने सिफारिस दस्तुर | ३००।०० | ३००।०० | |
| ४१ | निबेदनरटिकट | १०।०० | १०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | निर्माण व्यवसायी पेट्रोलियम पदार्थ दर्ता सिफारिस | २,०००।०० | २,०००।०० | |
| ४३ | नेपाली नागरिकता सिफारिस | ५०।०० | ५०।०० | |
| ४४ | नेपाली नागरिकता प्रतिलिपी सिफारिस | ५०।०० | ५०।०० | |
| ४५ | अचल सम्पत्ति मुल्याङ्कन दस्तुर | प्रति हजारको १ रूपैया | प्रति हजारको १ रूपैया | |
| ४६ | अंग्रेजीमा गरीने सिफारीस | ५००।०० | ५००।०० | |
| ४७ | अवादी जग्गाको रूख कटान/घरेलु सर्जमिन | ५००।०० | ५००।०० | |
| ४८ | अवादी जग्गाको रूख कटान सिफारीस | प्रति ट्रेक्टर रू. ५००।०० | प्रति ट्रेक्टर रू. ५००।०० | |
| ४९ | भारत देश जाने राहदानी सिफारिस | ५००।०० | ५००।०० | |
| ५० | घटना दर्ता सेवा शुल्क (जन्म दर्ताको हकमा ३५ भित्र दर्ता हुन आएमा निशुल्क) | ५०।०० | ५०।०० | जन्म र मृत्युको हकमा रू. २०।०० |
| ५१ | घटना दर्ता स)सोधन सर्जमिन | ५००।०० | ५००।०० | |
| ५२ | घर सारको सिफारीस | २५०।०० | २५०।०० | नगरपालिका भित्र |
| ५३ | घर सारको सिफारीस | ५००।०० | ५००।०० | नगरपालिका बाहिर जिल्ला भित्र |

| | | | | |
|---|---|---|---|---|
| ५४ | घर सारको सिफारीस | ७५०।०० | ७५०।०० | जिल्ला बाहिर |
| ५५ | जग्गा दर्ता सिफारीस | प्रति धुरको रू. २०।०० | प्रति धुरको रू. २०।०० | |
| ५६ | जग्गा नामसारी सिफारीस | प्रति कठ्ठाको रू. १०।०० | प्रति कठ्ठाको रू. १०।०० | न्यूनतम रू. ३००।०० |
| ५७ | घर जग्गा कर | नियमानुसार | नियमानुसार | |
| ५८ | सिफारीस प्रतिलिपी दस्तुर | १००।०० | १००।०० | |
| ५९ | खा.पा. धारा जडान, टेलिफोन सिफारीस | १००।०० | १००।०० | |
| ६० | मोही जग्गाको लगत कठ्ठा सिफारीस | ५००।०० | ५००।०० | |
| ६१ | पुस्ता कायम सिफारीस | २००।०० | २००।०० | |
| ६२ | प्रतिलिपी जग्गा धनि प्रमाण पुर्जा सिफारीस साथै संसोधन सिफारीस | २००।०० | २००।०० | |
| ६३ | अदालत सम्बन्धी सिफारीस | २००।०० | २००।०० | |

**धुरीकर**

| | | | | |
|---|---|---|---|---|
| ६४ | व्यवसाय लगत कठ्ठा सिफारीस | २००।०० | २००।०० | |
| ६५ | अन्य उल्लेख नभएका सिफारीस दस्तुर | ० | ३००।०० | |
| ६६ | फुसको छानो भएको | १०।०० | १०।०० | |
| ६७ | खपडा, टायल, टिन आदीको छानो भएको | १५।०० | १५।०० | |

dfnkf]t el'ds/

| | | | | |
|---|---|---|---|---|
| ६८ | पक्की एक तले | ३०।०० | ३०।०० | घर जग्गा कर नलाग्ने पक्की घर |
| ६९ | साना किसान अवल १ धुर देखि ३० कठ्ठा | १००।०० | १००।०० | |
| ७० | साना किसान दोयम १ धुर देखि ३० कठ्ठा | ७०।०० | ७०।०० | |
| ७१ | साना किसान सिम १ धुर देखि ३० कठ्ठा | ५०।०० | ५०।०० | |
| ७२ | साना किसान चाहार १ धुर देखि ३० कठ्ठा | ३०।०० | ३०।०० | |
| ७३ | मझौला किसान अवल ३१ कठ्ठा देखि ३ बिगहा | १५०।०० | १५०।०० | |
| ७४ | मझौला किसान दोयम ३१ कठ्ठा देखि ३ बिगहा | १२०।०० | १२०।०० | |
| ७५ | मझौला किसान सिम ३१ कठ्ठा देखि ३ बिगहा | १००।०० | १००।०० | |
| ७६ | मझौला किसान चाहार ३० कठ्ठा देखि ३ बिगहा | ८०।०० | ८०।०० | |
| ७७ | ठुला किसान अवल ३ बिगहा देखि माथि | ५००।०० | ५००।०० | |
| ७८ | ठुला किसान दोयम ३ बिगहा देखी माथि | ४००।०० | ४००।०० | |
| ७९ | ठुला किसान सिम ३ बिगहा देखि माथि | ३००।०० | ३००।०० | |
| ८० | ठुला किसान चहार ३ बिगहा देखि माथि | २००।०० | २००।०० | |

**नक्सापास दस्तुर**

| | | | | |
|---|---|---|---|---|
| ८१ | निबेदन | १००।०० | ५००।०० | |
| ८२ | सर्जमिन दस्तुर | २००।०० | २००।०० | |
| ८३ | नक्शापास फारम बिक्री | २००।०० | २००।०० | |
| ८४ | घर नक्शा नामसारी दस्तुर | १,०००।०० | १,०००।०० | |
| ८५ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट | ३।०० | ५।०० | |
| ८६ | ५०० वर्ग फिट भन्दा कम क्षेत्रफल भएका घरको हकमा न्युनतम | १,५००।०० | १,५००।०० | |
| ८७ | अमिन दस्तुर | | १,०००।०० | प्रति कित्ताको |
| ८८ | नक्सा प्रमाणित दस्तुर | | ५००।०० | |

**दरभाउ पत्ररबोलपत्र प्रति फारम दस्तुर**

| | | | | |
|---|---|---|---|---|
| ८९ | शिलबन्दी दरभाउ पत्र | | १,०००।०० | |
| ९० | अन्यको हकमा सार्वजनिक खरिद ऐन नियम बमोजिम | | | |

आज्ञाले,

**रामलाल श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत

सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला,  प्रदेश नं. ५, नेपाल

# स्थानीय राजपत्र

भाग १,     वर्ष: १     अंक: १     १ कार्तिक २०७४, बुधवार

सुनवल नगर कार्यपालिकाको मिति २०७४/५/२६ को नगर सभाबाट स्वीकृत भएको सुनवल नगर कार्यपालिकाको विनियोजन ऐन, २०७४ सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## सुनवल नगरपालिका विनियोजन ऐन, २०७४

सम्वत २०७४ सालको ऐन नं. २

प्रमाणीकरण मिति:
२०७४।६।४

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय तह सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुनवल नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम " सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

क) “नगर सभा” भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “वडा समिति” भन्नाले सुनवल नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) “बिषयगत शाखा” भन्नाले सुनवल नगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) “संञ्चित कोष” भन्नाले सुनवल नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च गरी जम्मा ७२४,७७२,१७०।०० (अक्षेरुपी बहत्तर करोड सतचालिस लाख बहत्तर हजार एक सय सत्तरी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र कार्यपालिकाले तोके बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन** :

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सुनवल नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा

रकम कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

अनुसूचि-१

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र. सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | सुनवल नगरपालिका नगरकार्यपालिका | १८२,८२७,५००।०० | २२,२५०,०००।०० | | २०५,०७७,५००।०० | २८।३० |
| २ | वडा समिति | | ३,१२०,०००।०० | | ३,१२०,०००।०० | ०।४३ |
| ३ | बिषयगत शाखा | | ५१४,०७४,६७०।०० | | ५१४,०७४,६७०।०० | ७०।९२ |
| ४ | ऋणको सावा व्याज भुक्तानी | | ० | | | |
| ५ | लगानी (शेयर/ऋण) | | २,५००,०००।०० | | २,५००,०००।०० | ०।३४ |
| | जम्मा | १८२,८२७,५००।०० | ५४१,९४४,६७०।०० | | ७२४,७७२,१७०।०० | |
| | प्रतिशत | २५।२२ | ७४।७८ | | | १०० |

**आ.व.२०७४/०७५ को खर्च शीर्षकहरुको पुष्ट्याई :**

१. अन्य भत्ता (बैठक भत्ता): नगर सभा, नगर कार्यपालिका वैठक, वडा समिति बैठक, राजश्व परामर्श समिति बैठक र बोलपत्र मूल्याङकन समितिमाको वैठक रु.१०००/-,विभिन्न समिति, उप समितिहरुको वैठक, खरिद ईकाई समिति बैठक, बोलपत्र दरभाउ पत्र खोल्दाको प्रति वैठक रु.५००/– दरले भत्ता उपलब्ध गराईने छ। नगरसभा, कार्यपालिका बैठक, वडा समिति बैठक, राजश्व परामर्श समिति बैठक, बोलपत्र मूल्याङ्कन समितिको बैठक र विभिन्न समिति, उपसमितिहरुको बैठकमा सहभागी हुने पदाधिकारी, सचिव र बैठकमा सहजीकरणका लागि खटिएका कर्मचारीलाई समेत पदाधिकारी सरहको भत्ता उपलब्ध गराईने छ । कार्यालय सहयोगी र ड्राइभरका हकमा तोकिएको रकमको आधा भत्ता उपलब्ध गराईने छ। सचिवको साथमा बैठकमा खटिएका कर्मचारीको सूची अध्यक्षता गर्ने पदाधिकारीले प्रमाणित गरिदिनु पर्नेछ ।

२. स्थानीय भत्ताः यस कार्यालयका कर्मचारीहरुलाई आधारभुत तलव स्केलका आधारमा २५ प्रतिशत थप प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ । विषयगत कार्यालयका कर्मचारीहरुको हकमा विषयगत कार्यालयले तोके बमोजिम हुनेछ। सुनवल नगरपालिकाको विनियोजन विधयेक, २०७४ आश्विन १ गते देखि लागू हुने भएकोले प्रोत्साहन भत्ताका सन्दर्भमा श्रावण र भाद्र महिनाका लागि साविकको व्यवस्थामा भए बमोजिम हुनेछ ।

३. अतिरिक्त तलवः नगर सभा सम्पन्न गर्नका लागि वडा भेला लगायत विभिन्न बैठक र तत्सम्बन्धी कार्य सम्पादनमा खटीएका कर्मचारीहरुलाई मासिक आधारभूत तलव स्केललाई आधार मानि ७ दिनदेखि १ महिना सम्मको अतिरिक्त तलव कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्रदान गरिने छ ।

४. कर्मचारी पोशाक : नगर प्रहरी तर्फ कार्यरत कर्मचारीहरुलाई कार्यालयको तर्फवाट उपयुक्त पोशाक खरिद गरी दिइनेछ। अन्य कर्मचारीहरुलाई नेपाल सरकारले तोके वमोजिमको पोशाक वन्दोवस्तका लागि प्रति कर्मचारी बार्षिक रु.७५००/- का दरले उपलव्ध गराइने छ ।

५. घरभाडाः कार्यालय रहेको घरको बहाल, बहालमा रहेका वडा कार्यालयको घर बहाल र कार्यकारी अधिकृतको निवासको घर बहाल घरभाडा शीर्षकमा समावेश गरिएको छ ।

६. इन्धन खर्चः कार्यालयका मोटर गाडी, प्रमुख, उपप्रमुखका गाडी र अन्य विशेष कामको प्रयोजनका लागि प्रयोग हुने अन्य गाडीका लागि आवश्यकता अनुसार इन्धन उपलव्ध गराइने छ । कार्यालयका कर्मचारीको प्रयोगमा रहेका सुनवल नगरपालिकाको एवं तोकिएका निजी सवारीमा कामको प्रकृति

हेरी लग बुकको पुष्ट्याईको आधारमा मासिक ५ लिटर सम्म इन्धन उपलव्ध गराउन सक्ने छ । फिल्डमा जाने कर्मचारीहरुको हकमा कार्य प्रगति र लग बुकको पुष्ट्याईको आधारमा १० लिटर सम्म इन्धन उपलब्ध गराईने छ । वडामा कार्यरत वडा सचिवलाई वडा कार्यालय संचालन खर्च तर्फ विनियोजित रकमबाट इन्धन वडा कार्यालयले उपलब्ध गराउने छ ।

७. नगरपालिकाले वडा समितिलाई उपलब्ध गराउने वडा संचालन खर्चबाट देहाय बमोजिम मासिक रुपमा खर्च गर्नुपर्ने छ: स्वयमसेवकको पारिश्रमिक रु. ७,५००।००, पत्रपत्रिका रु. ५००।००, इन्धन रु. ३,०००।००, पानी तथा विजुली महशुल रु. १,५००।००, स्टेशनरी एवं मसलन्द रु. २,०००।००, सम्बन्धित वडाका वडाध्यक्षलाई संचार खर्च रु. ५००।०० र अतिथि सत्कार रु. ५,०००।०० खर्च गर्नु पर्नेछ ।

८. संचालन तथा मर्मत संभार खर्च: कार्यालयको काममा प्रयोग हुने सवारी साधनको मर्मत संभारमा खर्च गरिनेछ ।

९. महिला स्वास्थ्य स्वयम सेविकाका लागि उत्प्रेरणा कार्यक्रम: यस खर्च शीर्षकबाट तपशिल बमोजिम खर्च गरिने छ ।

- भिटामिन ए कार्यक्रम रु. ६०,०००।०० : वार्षिक २ पटक १ पटकको २ दिनका दरले वार्षिक ४ दिनको प्रति व्यक्ति, प्रतिदिन रु. ५००।०० का दरले ३० जनालाई भुक्तानी दिईनेछ ।
- संचार खर्च रु. १,८०,०००।०० : मासिक ५००।०० का दरले ३० जनालाई भुक्तानी गरिनेछ ।
- छाता र टर्च लाईट रु. ३०,०००।०० : प्रति व्यक्ति वार्षिक रु. १,०००।०० का दरले ३० जनालाई भुक्तानी दिनईनेछ ।
- गाउँ घर क्लिनिक, खोप क्लिनिक संचालन, रिर्पोटीङ्ग लगायतका कार्य रु. १,८०,०००।०० : मासिक ५००।०० का दरले ३० जनालाई भुक्तानी दिईने छ ।
- महिला स्वास्थ्य स्वयम सेविका सम्बन्धी भैपरि आउने विभिन्न कार्यक्रमका लागि रु. १५,०००।०० भुक्तानी दिईने छ ।

११. कर्मचारी भ्रमण खर्च भ्रमण खर्च नियमावली (चौथौ संशोधन) २०७२ बमोजिम उपलव्ध गराईने छ ।

१२. अन्यको हकमा आवश्यकतानुसार नगर कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

आज्ञाले,

**रामलाल श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत